निर्णयहरु:

१. अघिल्लो बैठकमा भएको निर्णय कार्यान्वयनको समिक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रुपमा भएको पाइयो।

२. बर्षातको समयमा हुन सक्ने विपद् जोखिम तथा महामारीको तत्काल प्रतिकार्यको लागि आवश्यक औषधी, स्वास्थ्य सामाग्री तथा स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्ने र आवश्यक परेको बखत परिचालित गर्ने।

३. बर्षातको समयमा हुन सक्ने विपद्जन्य घटनालाई तत्काल प्रतिकार्यका लागि जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतज्यूको जुनसुकै बखत आवश्यक पर्न सक्ने भएकोले विदा तथा काजमा बस्दा प्रमुख जिल्ला अधिकारीज्यूलाई जानकारी तथा समन्वय गरेर मात्र विदा तथा काजमा बस्ने।

४. विपद् प्रभावितलाई तत्काल आश्रय र व्यवस्थापनको लागि सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्रका खुल्ला क्षेत्र तथा सामाग्रीहरुको विवरण तत्काल जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने।

५. गत बर्ष डुवान तथा कटान भएर बाढीबाट प्रभावित भई बढी क्षति भएका पालिकाहरुले यस बर्ष बाढी तथा डुवानबाट थप क्षति हुन नदिने गरी राहत तथा उद्दारका सामाग्रीहरु भण्डारण गरी तयारी अवस्थामा राख्ने।

६. अघल्लो बैठकबाट पारित मनसुन पूर्व तयारी प्रतिकार्य योजना २०८२ अनुरुप सुरक्षा निकाय, स्थानीय विपद् व्यवस्थापन समिति, गैर सरकारी संस्थाहरुले जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा रही प्रतिकार्यमा जुट्ने।

७. विपद्को समयमा आवश्यक पर्ने खाद्यन्नन लगायत अन्य राहत सामाग्री भण्डार गरी आवश्यक परेको बखत सहज रुपमा उपलब्ध गराउने गरी सोको व्यवस्थापन उद्योग बाणिज्य संघले गर्ने।

८. असार महिना बिति सक्दा पनि हाल सम्म यस जिल्लामा पर्याप्त पानी नपरेको कारण खडेरी परी धानबाली लगायत अन्य बाली लगाउन पानीको अभावका भई किसानहरुलाई अत्यन्तै असहज अवस्था सृजना भएको र खानेपानीको स्रोत समेत घटेको अवस्थालाई मध्यनजर गर्दै सिंचाई उपकरण (वोर्डिङ्ग) तथा खानेपानीको व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारलाई सिफारिस गर्ने।